# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## पालुङटार, गोरखा
## गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९
च.नं.:

मिति : २०७८/०८/१७

**स्वयम्सेवक शिक्षक (करार) पदपूर्तिको लागि विज्ञापन सम्बन्धी सूचना ।**

**(दोस्रो पटक प्रकाशित)**

पालुङटार नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा यस नगर कार्यपालिकाबाट स्वीकृत **स्वयम्सेवक शिक्षक छनौट कार्यविधि २०७७** बमोजिम स्वयम्सेवक शिक्षक (करार) पदपूर्तिका लागि मिति २०७८/०८/०१ गते सूचना प्रकाशित गरिएकोमा विज्ञापन नं. ०१-०७८/०७९ अन्तर्गत **माध्यमिक तह अङ्ग्रेजी र विज्ञान विषयमा आवश्यक आवेदन फाराम नपरेकाले** योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । साथै पालुङटार नगरपालिकाभित्रका सामुदायिक विद्यालयको निजि स्रोतमा कम्तीमा एक वर्ष देखि अध्यापनरत रहेका, विज्ञापन भएको अन्तिम मितिमा तोकिएको उमेर हद कटेका तर ५० वर्ष ननाघेका शिक्षकहरुले अन्य तहमा दरखास्त पेश गर्न छुट शिक्षकहरुलाई पनि दरखास्त पेश गर्न आह्वान गरिन्छ ।

**दरखास्त दस्तुर** : रु. ५१०

**दरखास्त दस्तुर बुझाउने स्थान** : आन्तरिक राजश्व शाखा, पालुङटार नगरपालिका ।

**दरखास्त पेश गर्ने स्थान** : शिक्षा, युवा तथा खेलकुद शाखा, पालुङटार नगरपालिका ।

**आवश्यक कागजात :**

अनुसूची १ बमोजिमको आवेदन फारम, व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, राजश्व तिरेको रसिद र सामुदायिक विद्यालयको निजी स्रोतमा अध्यापन गराएका शिक्षकहरुले सम्बन्धित विद्यालयको प्रधानाध्यापकबाट सेवा प्रमाणित गरेको शिक्षण अनुभव प्रमाणपत्र ।

**दरखास्त पेश गर्ने अवधि :** मिति २०७८/०८/२१ गते कार्यालय समयभित्र ।

**स्वयम्सेवक शिक्षक हुन चाहिने योग्यता**

(क) नेपाली नागरिक हुनुपर्नेछ ।

(ख) माध्यमिक तहका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ग) उमेदवारको उमेर आवेदन फाराम भर्ने म्याद कायम भएको अन्तिम मितिसम्म १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको हुनुपर्नेछ तर महिला उमेदवारको हकमा ४२ वर्ष ननाघेको र निजि स्रोतमा कम्तीमा एक वर्ष देखि अध्यापनरत रहेका, विज्ञापन भएको अन्तिम मितिमा तोकिएको उमेर हद कटेका तर ५० वर्ष ननाघेको पनि मान्य हुनेछ ।

नोट : सामान्य परीक्षा उत्तीर्ण गरेका परीक्षार्थीलाई मात्र विषयगत परीक्षामा सहभागी गराइनेछ भने पाठ्यक्रम शिक्षक सेवा आयोगले तोकेको परिमार्जित पाठ्यक्रम अनुसार हुनेछ । साथै परीक्षाको किसिम, सेवा, सुविधा सर्त, नियुक्ति तथा अन्य प्रक्रिया **स्वयम्सेवक शिक्षक छनौट कार्यविधि २०७७ मा** तोकिएबमोजिम हुनेछ । कार्यविधि तथा आवेदन फाराम नगरपालिकाको वेवसाइट www.palungtarmun.gov.np मा गई डाउनलोड गर्न सकिनेछ ।

बाबुराम कारखेती
नि. प्रमुख प्रशासकीय अधिकृत